# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

## गभर्नर डा. युवराज खतिवडा र Shej Global का अध्यक्ष बीच भेटवार्ता

Shej Global का अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत Mr. Enver Shej को नेतृत्वमा नेपाल आएको भ्रमणदलले नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडासँग उहाँकै कार्यकक्षमा भदौ ६ गते भेटवार्ता गर्‍यो । सो भेटवार्ताको अवसरमा नेपालको समग्र आर्थिक अवस्था र लगानी नीतिका विषयमा छलफल भएको थियो ।



नेपालमा लगानी गर्ने मनसायसाथ आएको सो प्रतिनिधि मण्डललाई गभर्नर डा. खतिवडाले नेपालको वर्तमान आर्थिक अवस्था लगानीको लागि उपयुक्त रहेको जानकारी दिनु भयो । उहाँले नेपालले उदार आर्थिक नीति अंगिकार गरेको, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी ऐन रहेको र यसका आधारमा विदेशी लगानी फिर्ता हुने सुनिश्चितता रहेको, विदेशी विनिमय सम्बन्धी नीतिमा पनि सामयिक परिमार्जन भइरहेको, चालू खाता परिवर्त्य रहेको र क्रमशः पुँजीखाता परिवर्त्यतातर्फ जाने प्रयास भइरहेको, कर्जाको व्याजदर एक अंकको हाराहारीमा रहेको र मुद्रास्फीति एक अंकमा सीमित रहेको जानकारी दिनु भयो ।

नेपालको पुँजी बजारमा क्रमशः सुदृढ र सक्षम हुँदै गएकोले व्यवसायलाई शेयरका माध्यमबाट पूँजी परिचालन गर्न अवसर रहेको समेत गभर्नर डा. खतिवडाले उल्लेख गर्नुभयो । नेपालको समस्त वित्तीय प्रणाली सुदृढ रहेको, सरकारी वित्त स्थिति सन्तोषजनक रहेको, सरकारी ऋण मानक सीमाभित्र रहेको, राजस्व वृद्धिदर सन्तोषजनक रहेको जानकारी समेत उहाँले दिनुभयो । नेपालको विदेशी विनिमय सञ्चिति पर्याप्तमात्रामा रहेकाले नियमानुसार पुँजी फिर्ता लैजान विदेशी मुद्राको समस्या नपर्ने उहाँको कथन थियो ।

सो भ्रमणदलका साथ नेपाल पूर्वाधार विकास कम्पनी लिमिटेडका अध्यक्ष कुशकुमार जोशीको पनि सहभागी थियो ।

२०७१ भाद्र ६ गते शुक्रबार

गभर्नरको कार्यालय